# नेपाली काँग्रेस

## केन्द्रीय कार्यालय

काठमाडौं, नेपाल


पत्र सङ्ख्या :

मिति २०५४ कार्तिक १२

प्रिय प्रदीप थापाजी,
सम्पादक, लाफा

लाफा पत्रिकाले आफ्नो प्रकाशनको पाँच वर्ष पूरा गरेको उपलक्ष्यमा तपाईं र लाफा (साथी) परिवारलाई यो सन्देश र शुभकामना व्यक्त गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । म पनि तपाईंहरूको लाफा हुँ र सदैव तपाईंहरूको साथमा हिंड्ने छु ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र हो । यही बहुविधता नै नेपालको राष्ट्रियताको आधार पनि हो । यो बहुविधताको पृष्ठभूमिमा हाम्रो समाजमा पारस्परिक सहिष्णुताको एक अद्वितीय परम्परा रहिआएको छ । यही सहिष्णु परम्पराको सम्मान र संरक्षणबाट नै हाम्रो राष्ट्रिय एकताको जगेर्ना भएको छ र हुनेछ ।

नेपाली कांग्रेस नेपालका समस्त जनताको सर्वाङ्गीण विकासका लागि संस्थापित र संघर्षरत पार्टी भएको हुनाले नेपालका समस्त जाति जनजातिको विकास हुनु नै नेपालको विकास हो भन्ने विश्वास गर्दछ । यही विश्वास अनुरूप हामी सरकारमा भएको बेला नै नेपाली कांग्रेसको सरकारले नेपालका प्रमुख भाषाहरूमा रेडियो नेपालबाट समाचार प्रसारण गर्ने काम शुरु गरेको थियो।

हाम्रो राष्ट्रमा रहेका बहुविध जाति, जनजातिको सांस्कृतिक परम्पराको समष्टि नै नेपालको राष्ट्रियताको पहिचान हो र त्यसको संरक्षणमा नै नेपालको राष्ट्रियताको संरक्षण पनि निहित छ । यो कुरा बुझ्न हामीहरूका लागि ज्यादै आवश्यक छ किनकि आज अन्तर्राष्ट्रिय स्तरमा बगेको भौतिकवादी संस्कृतिको हावाले पुराना जाति जनजातिका संस्कृतिहरूलाई उडाउने खतरा बढेको छ । यसरी एक्काइसौं शताब्दी केवल भौतिक संस्कृतिको शताब्दी पनि हुन सक्छ । यस सन्दर्भमा आफ्ना मौलिकताहरूको संरक्षण गर्ने काममा हामी सबै जुट्न सकौं । मलाई यति खेर यही कुराको चेतना अत्यावश्यक छ जस्तो लाग्छ ।

यस चेतनाको विकास र हाम्रो राष्ट्रियताको संरक्षण र संवर्धनमा म सदैव तपाईंहरूको साथमा हिंड्ने प्रतिज्ञा गर्छु ।

तपाईंहरूको स्नेही

गिरिजा प्र. कोइराला

गिरिजा प्रसाद कोइराला
नेपाली कांग्रेस संसदीय दलका
नेता तथा संसदीय परिवार


पो.ब.नं.: ८२६९, टेलिफोन : २२७७४८/२२६७६१, फ्याक्स : २२७७४७